


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २६ गते बिहीबार ❑ 8 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## नेकपा (माओवादी केन्द्र) का दुई मन्त्रीद्वारा राजीनामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ चैत**

नेकपा (माओवादी केन्द्र) बाट गण्डकी प्रदेश सरकारमा सहभागी दुवैजना मन्त्रीले पदबाट राजीनामा दिएका छन्।





माओवादी केन्द्रबाट गण्डकी प्रदेश सरकारमा आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमान र भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापाले प्रतिनिधित्व गरेका थिए। गण्डकी प्रदेशसभाको सातौं अधिवेशनअन्तर्गत बुधबारको पहिलो बैठकमा माओवादी केन्द्र संसदीय दलका तर्फबाट मन्त्री चुमानले पार्टी संसदीय दलको निर्णयानुसार प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई राजीनामा बुझाएको जानकारी दिए । पार्टी दुई भइसकेको अवस्थामा पछिल्ला समयमा भइरहेका गतिविधिलाई सरकारभित्र रहेर विरोध गर्न नैतिक प्रश्न उठ्ने अवस्थासमेत रहेकाले सरकारबाट बाहिरिने निर्णयमा पुगेको उनले स्पष्ट पारे। नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षको जगमा सङ्घीयता, धर्म निरपेक्षता, समावेसी समानुपातिक प्रतिनिधित्व जस्ता धेरै महत्वपूर्ण उपलब्धि हासिल भएको बताउँदै चुमानले यसको कार्यान्वयनका लागि आफूहरू निरन्तर क्रियाशील बनेको बताए।

सरकारमा रहँदा संविधानको कार्यान्वयनका लागि हरतरहले क्रियाशील बनेको उल्लेख गर्दै उनले आन्तरिक मामिला तथा कानूनमन्त्रीको जिम्मेवारी लिने क्रममा ४६ वटा संशोधनसहितका कानून निर्माणलगायतका महत्वपूर्ण उपलब्धि हासिल भएको जानकारी दिए।

## नेपाली कांग्रेस महिला विभागद्धारा पोखरामा महिला भेला तथा प्रशिक्षण कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ चैत**

नेपाली कांग्रेस केन्द्रीय महिला विभागद्वारा पोखरामा २ दिने गण्डकी प्रदेश स्तरीय महिला भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।



चैत २३ र २४ गते सम्पन्न भेलामा गण्डकी प्रदेशका करिव २ सय भन्दा बढी महिला कार्यकर्ताहरुको उपस्थिती रहेको थियो। कार्यक्रमको उद्घाटन नेता एनपी साउद, अर्जुन जोशी र डिना उपाध्यायले संयुक्तरुपमा गरेका थिए। कार्यक्रममा ईश्वरी न्यौपाने, पुरुषोत्तम दाहाल, उषा मल्ल सिंह लगायतले प्रशिक्षण दिएका थिए।

कार्यक्रमसँगै पोखरा घोषणा पत्र पनि जारी भएको छ। जस अनुसार विभागले पार्टी संरचनाको स्थानीय तह, गाउँ, नगर, वडादेखि प्रदेश तहसम्म एक तिहाई महिला पदाधिकारी नेतृत्वमा अनिवार्य हुनुपर्ने जोडदार माग गरेको छ।

यस्तै आमाको नामबाट पनि नागरिकता प्राप्त हुने संवैधानिक व्यवस्थाको वर्खिलाप हुने गरि मौजुदा कानूनहरु रहेको सन्दर्भमा संविधान प्रदत्त समान हकको सिद्धान्तको विपरित अवस्था सृजना भएको भन्दै तत्काल कानून संसोधान गरि आमा या वाबुको नामबाट नागरिकता प्रमाण पत्र प्राप्त गर्ने अवस्था निर्माण गर्न पनि विभागले माग गरेको छ। यसैगरि भेलाले पैतृक सम्पत्तीमा लोग्ने वा स्वास्नीको छोरा वा छोरीको समान हक हुने संबैधानिक व्यबस्थाका बाबजुद छोरी वा बुहारीको अंश हक मार्ने उद्देश्यले गरिएका वण्डापत्रहरु सबै अंशियारको सहमति र उपस्थिती विना भएका वण्डापत्र खारेज गर्ने व्यवस्था गर्न र यस किसिमका काम कारवाहीको स्थानीय तहले अनुगमन गर्ने व्यबस्था गर्न गराउनका निम्ति महिला विभागले जोडदार माग गरेको छ। संबिधान प्रदत्त निःशुल्क स्वास्थ्य उपचारको अधिकारका बाबजुद महिलाहरु बढी पीडित हुने गरेको, स्तन र पाठेघरको क्यान्सरका कारण बर्षेनी हजारौं महिलाहरुको ज्यान जाने अवस्था रहेको हुँदा यस्ता दीर्घरोगको उपचार निःशुल्क गर्न पनि कांग्रेस महिला विभागले माग गरेको छ। कार्यक्रम विभागकी अध्यक्ष ईश्वरी न्यौपानेको सभापतित्वमा सम्पन्न भएको थियो। यस अघि यस विभागले काठमाडौं, भैरहवा र जनकपुरमा पनि महिला प्रशिक्षण र कार्यकर्ता भेला सम्पन्न गरिसकेको छ।

## तनहुँ पाथार्दीको बाख्राफार्म कृषकको आकर्षणस्थल बन्दै

**– सानेबहादुर नेपाली**
**तनहुँ, २५ चैत**

जिल्लाको भिमाद नगरपालिका-९ पाथार्दीका बाख्राफार्म पशुपालन कृषकका लागि अवलोकनस्थलका रूपमा विकास हुँदै गएको छ। उक्त क्षेत्रमा विभिन्न क्षेत्रबाट बोयर जातको बाख्रा पाल्ने तरिका सिक्नका लागि प्रायः दैनिक पशुपालन कृषक अवलोकनका लागि आउने गरेका छन्।



पाथार्दीका ६० घरपरिवारले बोयर जातको बाख्रापालन गरेर नमूना कार्य गर्नुका साथै आम्दानीको राम्रो स्रोत बनाउन थालेपछि अवलोकनका लागि कृषकको आकर्षण बढ्न थालेको हो। तनहुँ, गोरखा, लमजुङ, पाल्पा स्याङ्जालगायतका जिल्लाबाट कृषक समूह, स्थानीय पालिकाका जनप्रतिनिधिलगायतका टोली अवलोकनका लागि आउने गरेको स्थानीय अगुवा कृषक शिवकुमार आलेले बताउनुभयो। पाथर्दीलाई गत दुई वर्षअघि गण्डकी प्रदेश सरकारले प्रदेशकै नमूना कृषिगाउँ घोषणा गरेको थियो।

मुख्यमन्त्री कृषि नमुना गाउँका रूपमा घोषणा गरिएको पाथर्दी गाउँलाई गण्डकी प्रदेश सरकारले बाख्रा अनुसन्धान केन्द्र स्थापना गर्ने निर्णय गरिसकेको छ। यस क्षेत्रका कृषकले बोयर जातको बाख्रापालन गरेर मनग्य आम्दानी गर्दै आएका छन्। अवलोकनका रूपमा पनि विकास हुँदै गएको उहाँले बताउनुभयो। करिब सात वर्षको अवधिमा यहाँका बाख्रापालक कृषकले पाथर्दीलाई नमूना कृषिगाउँका रूपमा परिचित बनाउन सफल भएका छन्। परम्परागतरूपमा पशुपालन तथा कृषि पेशा गर्दै आएका यहाँका कृषकले व्यावसायिकरूपमा बाख्रापालन थालेपछि आम्दानीसँगै विकासमा अघि बढेको अगुवा कृषक आलेले जानकारी दिनुभयो। गाउँमा शुरुमा बोयर बाख्रा ल्याएर पाल्न शुरु गरेका आलेले अहिले झण्डै रु ४० लाख मूल्य बराबरका बाख्रा फार्ममा रहेका छन्। "बाख्रापालनबाट राम्रै आम्दानी हुन थालेपछि आफू सन्तुष्ट रहेको छु", उहाँले भन्नुभयो, "वार्षिकरूपमा रु १० देखि रु १६ लाखसम्मको बाख्रा बिक्री गर्दै आएको छु।" विसं २०६४ देखि त्यस क्षेत्रका कृषकले बीउ तथा मासुका लागि बोयर बाख्रा उत्पादन गर्दै आएका छन्। बाख्रापालनमा राम्रो आम्दानी हुन थालेपछि पाथर्दीबाट विदेशिएका युवासमेत गाउँमै फर्किएर बाख्रापालनतर्फ लाग्न थालेको वडाध्यक्ष इमानबहादुर थापाले बताउनुभयो। वैदेशिक रोजगारी त्यागेर बाख्रापालनमा भविष्य देखेका युवामध्येका एक कृषक हुन् विनम आले। करिब पाँच वर्ष दक्षिण कोरियामा बिताउनुभएका आलेले यतिबेला गाउँमा बोयर बाख्रालगायतका कृषि पेशा गर्न थाल्नुभएको छ। "परिवारको साथमा बसेर गाउँमै राम्रो आम्दानी हुने भएपछि किन विदेश जानू ? विदेशमा कमाएको पैसा गाउँमै कमाउन सकिने सम्भावना देखेर गाउँ फर्किएको हुँ", उहाँले भन्नुभयो। आलेले ३०० कुखुरा र करिब ३५ वटा माउसहितको बोयर बाख्रा राखेर पाल्न शुरु गर्नभएको छ। कृषि पेशालाई व्यावसायिक बनाउन सके स्वदेशमै राम्रो आम्दानी गर्न सकिने सम्भावना रहेको अर्का कृषक श्रीमाया आले बताउनुहुन्छ।

वर्षमा रु १० लाखसम्मको बोयर बाख्रा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो। "श्रीमान्, छोराहरू कसैलाई पनि विदेश पठाएको छैन", उहाँले भन्नुभयो, "सबै मिलेर काम गर्ने हो भने स्वदेशमै रमाइलो र खुशी हुन्छ।" करिब रु १५ करोडको लगानीमा बाख्रा अनुसन्धान केन्द्र निर्माण गर्न लागिएको छ। अनुसन्धान केन्द्र निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइसकिएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो। उहाँका अनुसार चालु आर्थिक वर्षमा रु ५० लाख बजेट अनुसन्धान केन्द्रका लागि विनियोजन गरिसकिएको छ।

## जोशीको निधनले पार्टी र देशले योग्य नेता गुमायो : सभापति देउवा

**रासस**
**काठमाडौं, २५ चैत**

नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीका नेता एवं पूर्वमन्त्री नवीन्द्रराज जोशीको निधनले पार्टी र देशले योग्य नेता गुमाएको बताएका छन्।

स्वर्गीय जोशीको १३औं पुण्यतिथिका अवसरमा कांग्रेस केन्द्रीय समितिले बुधबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजना गरेको शोकसभामा बोल्दै सभापति देउवाले स्व जोशी भविष्यमा पार्टी हाँक्नसक्ने नेता भएको बताए। "छोटो समयमा धेरै काम गर्नसक्ने अध्ययनशील नेता जोशी हुनुहुन्थ्यो, केही समय मन्त्री हुँदा पनि देश र जनताको पक्षमा काम गरेर जोशीले आफ्नो र पार्टीको नाम उच्च राख्नुभएको थियो," उनले भने। आगामी दिनमा कांग्रेसको काँधमा ऐतिहासिक जिम्मेवारी रहेको उनको भनाइ थियो। कांग्रेस चुनाव हार्दैमा सङ्कटमा नपरेको सभापति देउवाले बताए। लोकतन्त्रलाई संस्थागत गरेमात्र नेता जोशीप्रति सच्चा श्रद्धाञ्जली हुने उनको भनाइ थियो। कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले जोशीको निधनले देशले होनहार र उदयीमान नेता गुमाएको बताए। "लगनशील, सिर्जनशील र इमान्दार नेता जोशीको अभाव आगामी दिनमा देश र काँग्रेसभित्र खड्कीनेछ", उनले भने। वरिष्ठ नेता पौडेलले स्व जोशीले विसं २०४६ को जनआन्दोलन पहिले विद्यार्थीका रुपमा र त्यसपछि कांग्रेसमा बसेर लोकतन्त्र स्थापनामा खेलेको भूमिका स्मरणयोग्य रहेको बताए।

पछिल्लो समय जनप्रतिनिधिका हैसियतले जनताको घरघरमा पुगेर जनसम्बन्ध राखेर अनुकरणीय काम गर्ने नेता जोशीबाट कांग्रेसका नेताले पाठ सिक्नुपर्ने उनको भनाइ थियो। बौद्धिक, विचारशील र कर्मशील व्यक्तित्व जोशीको निधनमा कांग्रेसले ठूलो क्षति व्यहोर्नुपरेको नेता पौडेलले बताए। नेपालमा लोकतन्त्र साकार गरेमात्र स्वर्गीय जोशीप्रति सच्चा श्रद्धाञ्जली हुने उनको भनाइ थियो।

कांग्रेस ललितपुरका सभापति मदन अमात्यले जोशीको निधनले सिङ्गो उपत्यकावासी शोकमा डुबेको बताए। नेता जोशी जुझारु युवा नेता भएको उनको भनाइ थियो। परिवारको तर्फबाट बोल्दै स्वर्गीय जोशीका दाजु एवं कांग्रेस नेता राजुराज जोशीले आफूहरु दाजुभाइ भए पनि साथीभाइ जस्तो भएर काम गरेको बताए। स्व नेताप्रति पार्टीले उच्च मूल्याङ्कन गर्नुपर्ने उहाँको भनाइ थियो। जोशीको निधनमा आज देशभरका ७७ वटै जिल्लामा शोकसभा भइरहेको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।

## मानवअधिकार उलङ्घनका घटनाप्रति एमनेस्टी चिन्तित

**रासस**
**काठमाडौं, २५ चैत**

सन् २०२० मा मानवअधिकार उलङ्घनका घटना बढेकोप्रति एमनेस्टी इन्टरनेशनलले चिन्ता व्यक्त गरेको छ।

सन् २०२० मा मानवअधिकारका घटनासम्बन्धी बुधबार वार्षिक प्रतिवेदन सार्वजनिक प्रतिवेदनमा सरकारले मानवअधिकार हननका घटनाका दोषीलाई प्रभावकारी कारबाहीको दायरामा ल्याउन नसकेको उल्लेख गरिएको छ। एक सय ४९ देशको मानवअधिकारको अवस्थालाई समेटेर प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदनमा नेपालमा राज्यपक्षबाट भएका मानवअधिकार उलङ्घनका केही गम्भीर घटनालाई पनि उजागर गरिएको छ। प्रतिवेदनअनुसार नेपालमा गोपनीयताको अधिकार, भेला हुने र अभिव्यक्ति स्वतन्त्रतालगायतका सन्दर्भमा सरकारले मानवअधिकारको विश्वव्यापी मान्यता र सिद्धान्तविपरीत काम गरेको आरोप लगाइएको छ।

न्यायिक अनुमतिबिना नै गोपनीयताको अधिकारमा हस्तक्षेप गर्न मिल्ने फराकिलो र अस्पष्ट प्रावधान समावेश गरिएको नेपाल विशेष सेवा विधेयक संसद्को माथिल्लो सदनले गत जेठमा अनुमोदन गरेपछि तल्लो सदनमा विचाराधीन रहेको अवस्थामा कानूनी सुरक्षाबिना नै व्यक्ति तथा संस्थामाथि निगरानी गर्ने, सूचना र अभिलेख सङ्कलन गर्ने जस्ता अधिकार दिने प्रावधान विधेयकको मस्यौदामा उल्लेख गरिएको छ। यस्तै अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने प्रावधानसहित मिडियासम्बन्धी विभिन्न विधेयक संसद्मा विचाराधीन रहेको तथा कतिपय पत्रकारलाई गलत सूचना फैलाएको र सरकारको आलोचना गरेकामा पक्राउ गरिएको औंल्याइएको छ। अधिकारवादीको शान्तिपूर्ण प्रदर्शनमा सुरक्षा बलले हिरासतमा लिने, प्रदर्शनकारीलाई तितरबितर पार्ने कार्य भएको प्रतिवेदनमा भनिएको छ। विभिन्न स्थानमा भएका घटनाको जवाफदेहिताको माग गर्दै भएका प्रदर्शनकारीमाथि अत्यधिक बल प्रयोग गरिएको तथा महामारीको अवधिमा देशभर लागू भएको बन्दाबन्दी कार्यान्वयन गराउन पनि सुरक्षा बलले अत्याधिक बल प्रयोग गरेको एमनेस्टीको प्रतिवेदनमा जनाइएको छ।



# २८ औं जन्मदिनमा २८ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

'जन्मदिनमा रक्त उपहार' सुन्दै कति राम्रो ! उस्तै राम्रो काम। समाज रुपान्तरणको सपना देख्ने पोखरा-१७, मित्रबन्धु टोल निवासी बसन्त पहारीले आफ्नो २८औं जन्मदिनको अवसर पारी आयोजना गरेको रक्तदान कार्यक्रममा २८युनिट रगत संकलन भएको छ।



कार्यक्रमको सुरुवात आयोजकका बुवाआमा रामचन्द्र पहारी र माया पहारीले प्रथम रक्तदाता मुना पहारीलाई ब्लड ब्याग हस्तान्तरण गरि भएको थियो। बहिनी मुना पहारीले कार्यक्रममा जीवनको पहिलो रक्तदान गरेर मानविय सेवाको सुरुवात गरिन। कार्यक्रममा २४ पुरुष र ४ महिलाले रक्तदान गरे जसमध्य ५ जना रक्तदाताले प्रथम पटक रक्तदान गरेका थिए।

कार्यक्रममा दारी ग्याङ पोखराका संयोजक अभिमन्यु 'विक्रम' पाण्डे, क्षेत्रीय रक्तसञ्चार सेवा केन्द्र, रामघाट, पोखराका प्रमुख अर्जुन ज्ञवाली र नेपाल स्वयंसेवी रक्तदाता समाज कास्कीका अध्यक्ष जितेन्द्रमान शाक्यले पहारीलाई खादा लगाइदिएर जन्मदिनको अवसर पारी सकारात्मक कार्य गरेकोमा उच्च प्रशंसा गर्दै शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी अन्तर्गत क्षेत्रीय रक्तसञ्चार सेवा केन्द्र, रामघाटको प्राविधिक सहयोग रहेको थियो।

जन्मदिन आँफैमा रमणीय दिन हो अनी त्यसमाथी पनि युवा अवस्थाको जन्मदिन जहाँ पार्टी र अनावश्यक फजुल खर्चको बढि नै इच्छा हुन्छ। तर त्यस्ता इच्छाको विपरीत जान कमैको मनले मान्छ, त्यसैले बसन्तको सो पाइला साँच्चै नै युवा पुस्ता र समाजको लागी निकै उदाहरणीय मान्न सकिन्छ।

# पोखरामा यु-१९ दुई दिवसीय क्रिकेट सिरिज शुरु

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा बुधबार देखि पोखरा रंगशालामा यु-१९ दुई दिवसीय क्रिकेट टेष्ट सिरिज शुरु भएको छ। पोखराको क्रिकेट इतिहासमा यो पहिलो पटक दुईदिवसीय क्रिकेट सिरिज आयोजना गरिएको हो।




पहिलो दिन बुधबार क्रिकेट मैदानमा भएको खेलमा कास्की रातो ५ विकेटको क्षतिमा १०३ रन बनाई खेलिरहेको छ। रातो बिहीबार त्यही स्थितिबाट अगाडि खेल्ने छ। कास्की निलोले आफनो सबै विकेट गुमाउँदै १७२ रनको योगफल तयार पारेको थियो। पहिलो दिनको खेलमा रातो ६९ रनले पछाडी छ।

कास्कीका तीन वटा टोलीले प्रतिस्पर्धा गरेका छन्। कास्की रातो, निलो र हरियो टोली छन्। टोलीमा गण्डकी प्रदेशबाटै खेलाडी छनोट गरी तयार गरिएको हो। कास्की जिल्ला क्रिकेट संघले कास्की, तनहुँ, नवलपुर, स्याङ्जा, बाग्लुङ लगायतबाट विभिन्न ६५ जनाबाट खेलाडी छनोट गरिएको जनाएको छ। पोखरामा आयोजना गरिएको टेष्ट सिरिजले युवा खेलाडीहरुलाई क्रिकेटप्रेति अभिप्रेरित गर्ने र युवा खेलाडी उत्पादनमा महत्वपूर्ण टेवा पुग्ने विश्वास गरिएको छ। पोखरा क्रिकेट एकेडेमीले मुख्य प्रायोजन गर्द कास्की क्रिकेट क्लबले प्रतियोगिताको व्यवस्थापन गरेको छ। विजेताले ट्रफी पदक तथा प्रमाणपत्र प्राप्त गर्ने छ। प्रतियोगिताको उदघाटन राष्ट्रिय खेलकुद परिषदका बोर्ड सदस्य राजेश गुरुङले गरे। प्रतियोगितामा नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य ऋषिराम गौतम, कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सन्जयकान्त सिग्देल, पोखरा क्रिकेट एकेडेमीका अध्यक्ष बबिन कुँवर, कास्की क्रिकेट क्लबका अध्यक्ष सन्तोष श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो। टेष्ट सिरिज बैशाख १ गतेसम्म चल्ने छ।

# बेलायती प्रधानमन्त्रीलाई गोर्खा संगठनहरूको पत्र

रासस
काठमाडौं, २५ चैत

भूतपूर्व गोर्खाहरूको हकहितका लागि भनी गठित भूपू गोर्खाका पाँच सङ्गठन र गैरआवासीय नेपाली सङ्घ बेलायतले संयुक्तरूपमा बेलायतका प्रधानभमन्त्री बोरिस जोन्सनलाई पत्र पठाएका छन्।

लामो समयदेखि भूपू गोर्खाहरूको असमान पेन्सन तथा अन्य समस्याहरूका सम्बन्धमा पटकपटक आन्दोलन गर्दै आइरहेका सङ्गठनहरूले यसपटक एकजुट भई मङ्गलबार पत्र पठाएका हुन्। पत्रमा यही जुलाई १ तारिखभित्र नेपाल र बेलायत सरकारबीच वार्ता समिति गठन गरी भूपू गोर्खालाई दिँदै आएको असमान पेन्सनलगायतका समस्याहरू समाधान गर्न आग्रह गरिएकोछ। संयुक्तपत्रका एक हस्ताक्षरकर्ता मेजर टिकेन्द्र दल देवानले पत्रको जवाफ बेलायत सरकारले जुन रूपमा फर्काउँछ सोहीअनुरुप आफूहरूले थप अन्य कार्यक्रम तयार पार्ने बताए।

उक्त संयुक्तपत्रमा ब्रिटिश गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान यूकेका संयोजक थर्क राना, गेसोका कार्यवाहक सभापति धर्म तामाङ, गोर्खा सत्याग्रह संयुक्त सङ्घर्ष समितिका प्रमुख संयोजक कृष्णबहादुर राई, ब्रिटिस गोर्खा नेपाल भूपू सैनिक सङ्घका अध्यक्ष केशबहादुर गुरुङ, ब्रिटिस गोर्खा वेलफेयर सोसाइटीका अध्यक्ष मेजर (रि.) टिकेन्द्र दल देवान र गैरआवासीय नेपाली सङ्घ यूकेका उपाध्यक्ष एवं गोर्खा विभागका प्रमुख संयोजक प्रेम गाहा मगरको हस्ताक्षर रहेको मेजर देवानले जानकारी दिए।

यसैगरी सङ्गठनहरूले संयुक्तरूपमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि केही समयभित्रै एक छुट्टै पत्र लेखी पठाउने कार्यक्रम रहेको बताएका छन्।

# थप २९८ मा कोरोना भाइरस संक्रमण पुष्टि

रासस
काठमाडौं, २५ चैत

देशभर पछिल्लो २४ घण्टामा थप २९८ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय चार हजार १०० जनाको स्वास्थ्य परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।


काठमाडौं उपत्यकामा पछिल्लो समय १६३ जनामा कोरोना सङ्क्रमण देखिएको छ। मन्त्रालयका अनुसार काठमाडौंमा ९८, ललितपुरमा २६, भक्तपुरमा १३, चितवनमा ३७ र कास्कीमा १९ जना रहेका छन्। आजसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ७८ हजार ७६८ पुगेको छ। त्यस्तै पछिल्लो समय थप ७४ जना निको भएका छन्। योसँगै निको हुनेको सङ्ख्या दुई लाख ७३ हजार ५२९ रहेको छ। निको हुने दर भने ९८ दशमलव १ प्रतिशत रहेको छ। अहिले देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार २०१ रहेको छ। उनीहरुमध्ये ६५ जना क्वारेन्टिनमा रहेका छन् भने अन्य आइसोलेशनमा रहेका छन्। हालसम्म नेपालमा २२ लाख ९८ हजार १६७ को पिसिआर परीक्षण भएको छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



स्वस्थ पत्रकारिताको विकास स्वतन्त्र र हक अधिकारको जगेर्ना, राष्ट्रिय सर्वमान्य प्रचलन र मान्यतालाई समायोजन गर्दै अगाडि बढनु आजको अपरिहार्य आवश्यकता हो।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग












फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# बायु प्रदूषण कम गर्न पहल गरौं

बायु प्रदुषणले केहि दिन यता देशभर मौसम प्रतिकुल बनेको छ। देशका ठुलठुला सहरहरुमा वायु प्रदूषणको प्रकोप झनै बढेको छ। माघ महिना देखि चैत्र महिनासम्म प्राय मौसम यस्तै धुम्म हुने हो तर यस बर्ष भने धेरै दिन सम्म दिन धुम्मिएको छ। मौसम सफा नभएका कारण उडानहरु ठप्प भएका छन् । मौसम धुम्मिएका कारण प्रदूषण बढेको छ। प्रदूषणले गर्दा स्वास प्रस्वासमा समस्या टाउको दुख्ने लगायतका रोगहरु बढेका छन् । जल तथा मौसम विज्ञान विभागका अनुसार, विगतमाभन्दा यो वर्ष काठमाडौं पोखरा बिराटनगर भैरहवा बुटवल लगायतका शहरहरुमा उपत्यकामा प्रदूषणको मात्रा बद्दो दरमा छ। प्रदूषण बढेपछि सरकारले केहिदिन स्कुल कलेजहरु बन्द गरेको र सर्बसाधारणलाई स्वास्थ्य मन्त्रालयले घर बाहिर मर्निङवाकमा समेत नजान आह्वान गरेको छ। यो चैत्र महिना बायु प्रदूषणका कारण विपद् घोषणा गर्नुपर्ने भएको छ। गत पुसमा यस्तै अवस्था देखिएको थियो।

यसरी यस बर्ष बाताबरण प्रदूषणमा आएको परिर्वतनलाई वातावरण विदहरुले चिन्ताको रुपमा हेर्न गरेका छन् । वातावरणविद्धहरुले काठमाडौंको वायु प्रदूषणको प्रमुख कारक तत्व सवारीबाट निस्कने धुँवा नै भएको बताउंछन् । त्यसबाहेक खराब सडक, कलकारखाना र विकास आयोजनाका कारण उडेको धुवा-धुलोले पनि प्रदूषण बढाउन सघाएको छ। खनिज इन्धनबाट चल्ने सवारी साधनले झन बढी बायुमण्डलमा असर गर्ने तुवालो बढेको छ। सवारीबाट निस्कने रसायनयुक्त धुवा मानव शरीरभित्र सहजै प्रवेश गर्ने भएकाले त्यो बढी हानिकारक हुने जनस्वास्थ्यविद्धहरु बताउछन् ।

मौसम बिग्रिनुको मुख्यकारण देश भर एकै दिन चारसय ठाउमा डढेलो लाग्नु पनि हो । डढेलो लाग्ने क्रम अझै पनि कायमै छ । नेपालका चुरे क्षेत्रमा डढेलो लगाईने गरिएको छ। डढेलो नियन्त्रण गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली सेनालाई निर्देशन समेत दिनु भएको छ। यो मौसममा बन क्षेत्रमा डढेलो लगाएर नया पालुवा पलाउछ भन्ने मान्यताका कारण बिगत देखि नै डढेलो लगाउने गरिएको छ । डढेलोको कारणबाट जिव किटपतंगहरुको नास हुने गर्दछ। यसले गर्दा जैबिक बिबिधता समेत नष्ट हुने गर्दछ। वातावरण समेत बिग्रिएको छ। बाताबरण बिग्रीनुमा नेपाल मात्रै दोषी होईन हाम्रा छेउका दुइ बिशाल मुलुकको औद्योगिक क्षेत्रबाट निस्कीने हानीकारक धुवा हो। जुन धुवा हाम्रो बायुमण्डलको सतहमा फैलिन्छ र एउटा तह बन्न जान्छ। यस बर्ष पानी नपरेर पनि मौसम सफा बन्न नसकेको हो।

वायुमण्डलमा हुने धुवाहरु, सवारी साधनबाट कम गराउन विद्युतीय सवारी साधनको प्रयोगमा जोड दिनु पर्दछ। ब्यापार घाटा कम गराउन र बातावरण सन्तुलित राख्न विद्युतीय सवारी आवश्यक देखिन्छ । पेट्रोल र डिजेल गाडीको साटो विद्युतीय सवारीलाई प्रोत्साहन नगरे वातावरणीय प्रदूषण झन् बढ्ने देखिन्छ । नेपालले विद्युतीय सवारी साधन भित्र्याएर बिजुलीको खपत गर्ने, पेट्रोलियम पर्दाथको बिक्री कम गर्ने गर्नुपर्छ । विद्युतीय गाडीलाई प्रोत्साहन गर्ने हो भने प्रदुषणका कारण नेपालले भविष्यमा ठूलो मूल्य चुकाउनु पर्ने छैन । त्यसकारण बायु प्रदुषण रोक्न सरकारले डढेलो लगाउन प्रतिवन्ध लगाउने जनचेतना जगाउने। पुराना र थोत्रा गाडीहरु प्रयोग गर्न प्रतिबन्ध लगाउनु पर्दछ। प्रदुषण कम गर्ने आम नागरिकको पनि कर्तब्य हो। जथाभावी डढेलो नलगाउने, प्लाष्टीकहरु नसल्काउने गर्नु पर्छ जस्लो बिषलु धुवा निस्कने र पर्यावरण समेतलाइ्र असर गर्दछ। पर्याबरण जोगाउन नागरिकहरु पनि जागरुक हुनु पर्दछ।

# लाङ्दी गाउँ तमु समाजको अध्यक्षमा बालकृष्ण गुरुङ



**पोखरापत्र संवाददाता**
**पोखरा, २५ चैत**

पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं. ३ लाङ्दी गाउँबाट पोखरामा आइ वसोवास गर्नुभएका तमुहरुको साझा संस्था लाङ्दी गाउँ तमु समाज पोखराको हालै सम्पन्न भेलाले बालकृष्ण गुरुङको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

समाजको उपाध्यक्षमा सु.शेरबहादुर गुरुङ, सचिवमा चिजकाजी गुरुङ, सहसचिवमा ना.सु. रामप्रसाद गुरुङ, कोषाध्यक्षमा सु.हरिकुमार गुरुङ र सदस्यहरुमा चन्द्रप्रसाद गुरुङ, सु.नरेशकुमार गुरुङ, चन्द्रबहादुर गुरुङ, सु.विष्णुभक्त गुरुङ, चन्द्रबहादुर गुरुङ, र मैतालाल गुरुङ सर्वसम्मत चयन भएका छन् ।

त्यसै गरी आमा समुहको संयोजकमा सतकुमारी गुरुङ र सदस्यहरुमा मिमकुमारी गुरुङ र वसुन्धरा गुरुङ चयन भएका छन् भने युवा समितिको संयोजकमा दिलिप गुरुङ र सदस्यहरुमा धनकाजी गुरुङ र तेजबहादुर गुरुङ चयन भएका छन् । समाजको सल्लाहाकारमा क्या. रामप्रसाद गुरुङ, सु. धनबहादुर गुरुङ, सु. रामभक्त गुरुङ र बुद्धिबहादुर गुरुङ चयन भएका छन् ।

कार्यक्रममा सल्लाहाकार क्या. चक्रबहादुर गुरुङ र क्या. मेखबहादुर गुरुङले शुभकामना मन्तव्य दिएका थिए । समितिको निर्वाचन गर्न क्या. रामप्रसाद गुरुङको संयोजकत्वमा सदस्यहरु सु. रामभक्त गुरुङ र चन्द्रप्रसाद गुरुङ रहेका थिए ।

समाजका अध्यक्ष सु. धनबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष बालकृष्ण गुरुङले र कार्यक्रम संचालन सचिव सु. रामभक्त गुरुङले गरेका थिए ।

# पोखरामा गार्डेन मार्ट डिपार्टमेण्ट स्टोर शुरु हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ चैत**

उपभोक्ताहरुलाई सुलभ दरमा गुणस्तरीय सेवा दिने उद्येश्य सहित पोखरामा गार्डेन मार्ट डिपार्टमेण्ट स्टोर शुरु हुँदैछ।

शिव शिखर बहुउद्येश्यि सहकारी संस्थाद्वारा सञ्चालित उक्त डिपार्टमेण्ट स्टोर पोखराको पर्स्याङमा आउँदो शनिबारदेखि शुरु हुन लागेको हो। संस्थाको यो छैठौं शाखा हो। ३ करोड लगानीमा शुरु हुन लागेको डिपार्टमेण्ट स्टोरमा ग्रोसरी, लिक्वेर, किचन, कपडा, जुत्ता, इलेक्ट्रोनिक्स आइटम लगायत रहने छ। स्टोरले स्वदेशी उत्पादनलाइपनि प्राथमिकतामा राख्ने जनाइएको छ । डिपार्टमेण्ट स्टोरमा सबैखाले उपभोक्तालाईदैनिकउपभोग्यवस्तुको सहज र सरल तरिकाले उपलब्ध गराउँदैमिनिसुपरमार्केटकोकन्सेप्टमा अघि बढाइने सहकारीका पोखराका म्यानेजर रमेश न्यौपानेले जानकारी दिनुभयो । स्टोरको आफ्नैं एप्स मार्फत डिपार्टमेण्ट स्टोरमा उपलब्ध सामग्रीका बारेमा उपभोक्ताहरुले जानकारी लिन सक्नेछन् ।



हाल सहकारी संस्थामा २३ तथा डिपार्टमेण्ट स्टोरमा २१ गरि ४४ जनालाई प्रत्यक्ष रोजगारी दिइएको छ । कोरोना संक्रमणका कारण नेपालमा धेरैले रोजगारी गुमाएको अवस्थामा संस्थाले नेपाली युवाहरुलाई नेपालमै रोजगारीको प्रवन्ध मिलाएर आफ्नैं देशमा बस्ने वातावरण श्रृजना गर्ने लक्ष्य रहेको न्यौपानेले बताउनुभयो।

यसअघि भक्तपुर, डडेल्धुरा, दाङको तुल्सीपुर, हेटौंडा र सुर्खेतमा डिपार्टमेण्ट स्टोर खुलिसकेको छ । संस्थाले छिट्टै बाग्लुङमा पनि अर्को शाखा शुरु गर्ने जनाएको छ । त्यस्तै गण्डकी प्रदेशका अन्य जिल्लाहरुमा पनि शाखा विस्तार गरिने जनाइएको छ। एक वर्ष भित्र पोखराका विभिन्न स्थानमा ४ शाखा खोलिने पनि म्यानेजर न्यौपानेले बताउनुभयो । नयाँ वर्षसँगै सुरु हुन लागेको स्टोर्सले विभिन्न अफरहरु समेत राखेको छ।

# मिर्छुलुङका घर-घरमा धारा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २५ चैत**

तनहुँको भीमाद नगरपालिका-५ मिर्छुलुङका घर-घरमा धारा जडान भएपछि स्थानीयवासी खुशी भएका छन् । खानेपानीको सास्ती खेप्दै आएका यहाँका स्थानीयवासी घरमै धारा जडान भएपछि खुशी भएका हुन् । धरादीको मूलबाट सोलार प्रविधिमार्फत मिछुर्लुङका ७२ घरमा धारा जडान गरिएको उपभोक्ता समितिका अध्यक्ष बाबुराम रानाले जानकारी दिनुभयो।

"गाउँमा पानी नहुँदा कुँवा, पँधेरोको पानी जोहो गर्नुपर्ने बाध्यता थियो, अहिले त घरमै पानी आएपछि स्थानीयवासी खुशी भएका छन्", उहाँले भन्नुभयो।

गण्डकी प्रदेश सरकारको आर्थिक सहयोग र स्थानीयवासीको श्रमदानमा उक्त गाउँमा खानेपानी सुविधा पुगेको छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँले रु ६८ लाख ४६ हजार २४३ को लागतमा उक्त गाउँमा खानेपानी सुविधा विस्तार गरेको हो। खानेपानी विस्तारका लागि गण्डकी प्रदेश सरकारले रु ५७ लाख ८४ हजार ९०३ लगानी गरेको छ भने स्थानीयवासीले रु दश लाख ६१ हजार ३४० बराबरको श्रमदान गरेको कार्यालयका प्रमुख किरण पौडेलले जानकारी दिनुभयो।

# वायु प्रदूषणका कारण आँखाका बिरामी बढ्दै

**रासस**
**काठमाडौं, २५ चैत**

दुई हप्तादेखि मकवानपुरको हेटौंडा आसपास क्षेत्रमा लागेको डढेलो र वायु प्रदूषणका कारणले जिल्लामा आँखाका बिरामीको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ । वायु प्रदूषणको जोखिम बढेपछि हेटौंडाको सामुदायिक आँखा अस्पतालमा आँखाको उपचार गराउनेको सङ्ख्यामा व्यापकरुपमा वृद्धि भएको सो अस्पताल प्रशासनले जनाएको छ । विगत दुई हप्तादेखि वायु प्रदूषणका कारणले आँखा उपचार गराउनेको सङ्ख्यामा वृद्धि भएको अस्पतालका वरिष्ठ प्रशासक सुधीर श्रेष्ठले बताउनुभयो ।


**निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!**

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर (BMTC) बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम (STSE) परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र ब्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७१२२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP | EUROPEAN UNION | BRITISH COUNCIL



**घर जग्गा खरिद बिक्री**

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क : ९८५६०२०९४९, ९८०२८५८००५



**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


**तपाईको आज**

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : शारिरीक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : मन चञ्चल | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : सम्मान मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७७/०९/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, ब्यहोर्ने शर्तमा साविक **बि.जि.सोप इण्डष्ट्रिज एण्ड केमिकल सप्लायर्स प्रा.लि.** को नाम परिवर्तन भई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१२/०४ को निर्णय बमोजिम **बि.जि. बिल्डर्स प्रा.लि.** (प्रा.लि. नं.२१४८८५) कायम भएको ब्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सूर्य ब्लेण्डर्स प्रा. लि.**
**आँबु खैरेनी, तनहुँ**

**मूल्य सूची सम्बन्धमा सूचना**

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७७/०७८ का लागि मिति २०७७/१२/२६ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ।

| | ब्राण्ड | मि.लि. | यू. पी. | नेशनल डिष्ट्रिब्यूटर्स मुल्य | रिजनल डिष्ट्रिब्यूटर्स कमिशन | डिष्ट्रिब्यूटर्स मुल्य | डिष्ट्रिब्यूटर्स कमिशन | होलसेल मुल्य | होलसेल कमिशन | रिटेल मुल्य | रिटेल कमिशन | उपभोक्ता मुल्य | उपभोक्ता मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रति कार्टून | प्रति कार्टून | प्रति कार्टून | प्रति कार्टून | प्रति कार्टून | प्रति कार्टून | प्रति कार्टून | प्रति कार्टून | प्रति कार्टून | प्रति बोटल |
| १ | एरो(एप्पल फ्लेवर) | ३०० | ७० | ८००।०० | ३०।०० | ८३०।०० | ४०।०० | ८७०।०० | ३५।०० | ९०५।०० | ११५।०० | १०२०।०० | ३४।०० |

# तनहुँमा सुपरीवेक्षकका लागि १७२ छनोट

**पोखरापत्र संवाददाता**
**दमौली, २५ चैत**

राष्ट्रिय जनगणना २०७८ का लागि तनहुँमा १७२ जना सुपरिवेक्षक छनोट भएका छन् । केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणनाका लागि सुपरीवेक्षक आह्वान गरेकामा तनहुँका लागि १७२ जना सुपरीवेक्षक छनोट भएका हुन् ।

विभागका अनुसार भानु नगरपालिकाका २३, म्याग्दे गाउँपालिकाका १३, बन्दीपुर गाउँपालिकाका १२, व्यास नगरपालिकाका ४१, शुक्लागण्डकी नगरपालिकाका २४, घिरिङ गाउँपालिकाका १०, आँबुखैरेनी गाउँपालिकाका १५, देवघाट गाउँपालिकाका १२, भीमाद नगरपालिकाका १३, ऋषिङ गाउँपालिकाका नौ जना सुपरीवेक्षकका लागि छनोट भएका हुन् । जनगणनाका तनहुँमा दुई हजार ३४६ ले निवेदन दिएका थिए । विभागले गणकको नतिजा भने सार्वजनिक गरेको छैन । जिल्ला जनगणना अधिकारी नन्दलाल सापकोटाका अनुसार तनहुँमा एक हजार ६२५ महिला, ७१९ पुरुष र दुई अन्य लिङ्गीले निवेदन दिएका थिए । जनगणनाका लागि जिल्लामा ५३५ गणक र १२० सुपरीवेक्षक खटाइनेछ । जिल्लामा तथ्याङ्क सङ्कलन दुई चरणमा सञ्चालन गरिनेछ । पहिलो चरणमा विसं २०७८ वैशाख २६ गतेदेखि जेठ १४ गतेसम्म २० दिन सञ्चालन हुनेछ । उक्त क्रममा सुपरीवेक्षकद्वारा प्रत्येक घर तथा परिवारमा पुगी घर तथा घरपरिवार सूचीकृत फारममार्फत घरसम्बन्धी विवरण, परिवारमा अक्सर बसोबास गरेका महिला तथा पुरुष र अन्य तेस्रो लिङ्गी तथा परिवारको कृषिसम्बन्धी विवरण सङ्कलन गरिनेछ । दोस्रो चरण जेठ २५ देखि असार ८ गतेसम्म १५ दिन सञ्चालन हुनेछ । उक्त क्रममा गणकमार्फत प्रत्येक घरपरिवारमा पुगी प्रश्नावलीमार्फत पारिवारिक विवरण तथा व्यक्तिको जन्म, मृत्यु, बसाइँसराइलगायतका विवरण सङ्कलन गरिनेछ । दोस्रो चरणको गणनाअन्तर्गत नै सबै स्थानीय तहका प्रत्येक वडा कार्यालयबाट वडास्तर सामुदायिक प्रश्नावलीमार्फत वडाको आधारभूत स्रोत साधन, पहुँच, क्षमता, पूर्वाधार र विपद्सम्बन्धी विवरण पनि सङ्कलन गरिनेछ । सोही क्रममा घरपालुवा पशुपक्षीको विवरण पनि सङ्कलन हुनेछ ।

जनगणनाबाट वडास्तरसम्मको लैङ्गिक तथा समावेशी तथ्याङ्क प्राप्त हुने भएकाले विकास निर्माणका काम तथा लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्न तथा नीति र योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै बाटोघाटो, पुल, विद्यालय, उद्योगधन्दा, स्वास्थ्य सेवा, खानेपानी, बिजुली, सिँचाइ, खाद्यान्न आपूर्ति, बसोबासको व्यवस्था, विकास बजेटको बाँडफाँट, सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा र मानव विकास प्रक्रियामा पछाडि परेका समुदायको उत्थानका कार्यक्रम सञ्चालन गर्न तथा संविधानको मौलिक हकलगायत अन्य हकको कार्यान्वयन र मूल्याङ्कन गर्न आवश्यक तथ्याङ्क प्राप्त हुने हुँदा जनगणनाको महत्व रहेको छ ।

# म्याग्दीका ४७ सामुदायिक वनमा आगलागी : बाह्र सय हेक्टर वन क्षेत्रमा क्षति

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ चैत**

यस वर्षको वसन्तयाम शुरु भएसँगै हिमाली जिल्ला म्याग्दीका छ वटा स्थानीय तहका ४७ वटा सामुदायिक वनमा आगलागी हुँदा करिब १२ सय हेक्टर वन क्षेत्रमा क्षति पुगेको छ ।

वनमा आगलागी हुँदा साना तथा ठूला सयौँ रूखबिरुवा जल्नुका साथै बहुमूल्य जडीबुटी, जङ्गली पशुपक्षी र अन्य वन पैदावार नष्ट भएका छन् । म्याग्दीमा हावाहुरीको मौसम शुरु भएसँगै सदरमुकाम बेनी तथा विभिन्न स्थानमा दिनहुँजसो आगलागीका घटना भइरहेका छन् । सामुदायिक वनमा १० हेक्टरदेखि १५० हेक्टर क्षेत्रफलमा आगलागीले क्षति पुगेको डिभिजन वन कार्यालयको तथ्याङ्कले देखाउँछ । केही दिनअघि मात्र बेनी नगरपालिका-२ ज्यामरुककोटको गौश्वारा सामुदायिक वनको ६५ हेक्टर जङ्गल आगलागीबाट सखाप भयो । सामुदायिक वनमा लागेको आगो नियन्त्रणमा लिन डिभिजन वन कार्यालयले ४३ सुरक्षाकर्मी स्थानीयवासी परिचालन गर्‍यो । स्थानीयवासी र सुरक्षाकर्मीले दुई दिनसम्म खटिए पनि आगो निभाउन सकेनन् । आगलागीबाट सो वनका बहुमूल्य जडीबुटी, जङ्गली जनावर र वन पैदावार नष्ट भएका गौश्वाराका रत्नबम मल्लले बताउनुभयो ।

यसैगरी पश्चिम म्याग्दीको धवलागिरि गाउँपालिका-७ धारापानी सामुदायिक वनमा आगलागी हुँदा करिब ६० हेक्टर जङ्गलमा क्षति पुगेको डिभिजन वन कार्यालय म्याग्दीले जनाएको छ । भौगोलिक कठिनाइ र भिरालो वनमा आगो लागेकाले निभाउन कठिन हुने गरेको कार्यालयले जनाएको छ । सामान्यतया सुक्खा र गर्मी मौसममा डढेलो बढी लाग्ने गरे पनि म्याग्दीमा हरियो घाँसको लोभमा पाखो डाँडा तथा जङ्गलमा आगो लगाउने गरिएको कार्यालयका निमित्त प्रमुख सन्तोष खनालले बताउनुभयो । "यस वर्ष म्याग्दीमा आगलागीबाट धेरै क्षति भयो, मानवीय लापरवाहीले आगलागी हुने गरेको छ", खनालले भन्नुभयो । उहाँका अनुसार मानवीय कारणबाट लगाउने गरिएको डढेलोको असर लामो समयसम्म हुने भएकाले घाँसको लोभमा प्राकृतिक स्रोतसाधनको नष्ट गर्ने गरिएको छ । डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयले विभिन्न शीर्षकमा रु १० लाख बजेटमा विभिन्न उपकरणसहितको साम्रगी व्यवस्थापन, जनशक्ति परिचालनलगायतका गतिविधि गर्ने गरेको छ । भौगोलिक विकटता र स्रोतसाधन अभावमा डढेलो तथा आगो नियन्त्रण गर्न कठिन भएकाले सुरक्षा निकायलाई समेत उपकरण सहयोगसहित नियन्त्रणमा पुग्न लाग्ने खर्चसमेत कार्यालयबाटै व्यवस्थापन गर्न आगामी वर्ष थप बजेट माग गरिएको निमित्त प्रमुख खनालले बताउनुभयो । जङ्गलमा जथाभावी लगाइएकोडढेलोकोतथ्याङ्कगण्डकी प्रदेशको वन निर्देशनालयमा समेत पठाइएको छ । डढेलोले वातावरण प्रदूषणसमेत बनाएको उहाँको भनाइ छ । जिल्लाको अति दुर्गम क्षेत्रमा जथाभावी डढेलो लाग्दा भूगोलका कारण स्थानीयवासीसहित अन्य जनशक्तिसमेत पुग्न नसक्ने भन्दै उहाँले हरियो घाँसको लोभमा जथाभावी डढेलो लगाउने कार्यलाई निरुत्साहित गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने बताउनुभयो । वनमा जाँदा सावधानी अपनाउनसमेत उहाँले अनुरोध गर्नुभएको छ ।

सामुदायिक वनमा आगलागी भएपछि वातावरणीय प्रदूषण बढेको छ । आगलागीबाट एकातिर वनजङ्गल, जङ्गली जनावर र जडीबुटी नष्ट भएका छन् भने अर्कोतिर मानव स्वास्थ्यमा समेत गम्भीर असर परेको वन तथा वातावरण क्षेत्रका जानकारहरूले बताएका छन् ।

# बाख्रापालनबाट विदेश बिर्साउने कमाइ

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ चैत**

वैदेशिक रोजगारबाट फर्केका म्याग्दीका युवा पछिल्लो समय बाख्रा पालन व्यवसायतर्फ आकर्षित भएका छन् ।

जसको उदाहरण हुन् बेनी नगरपालिका-२ खबरका कर्णबहादुर खड्का । नौ वर्ष अरबको खाडीमा बिताएपछि बढी पैसा कमाउने लोभमा अमेरिका जाने प्रयासमा रु ८० लाख गुमाएका खड्काले गाउँमा नै फर्केर बाख्रापालनव्यवसाय शुरु गर्नुभएको छ । खड्काले साउदी, कतार र इराकमा नौ वर्ष पसिना बगाएर कमाएको रु ८० लाख अमेरिका जाने प्रयासमा डुबेपछि गाउँमा नै फर्किएर बाख्रापालन व्यवसाय शुरु गर्नुभएको हो । चार वर्ष साउदी, तीन वर्ष इराक र दुई वर्ष कतार गरी नौ वर्ष विदेशी भूमिमा कमाएको पैसा अमेरिका जाने प्रयासमा सकिएपछि अमेरिकाको सपना बिर्सिएर गाउँकै व्यवसायमा खड्का रमाउनुभएको हो । खड्काले खाडी मुलुकमा कमाएको पैसाले बेनी र पोखरामा गरी तीन वटा घडेरी जोड्नुभएको थियो । खाडी मुलुकबाट फर्केपछि अझ बढी कमाउने लोभमा उहाँले तीनवटै घडेरी बेचेर अमेरिकाका लागि प्रयास गर्नुभयो । तर प्रयास सफल भएन । बोर्डरबाटै फर्कनुपर्‍यो । अमेरिका हिँड्नु भएका कर्णबहादुरलाई मेक्सिकोमा पुगेपछि समस्या शुरु भयो । त्यहाँबाट तीन पटकसम्म अमेरिका छिर्ने उहाँको प्रयास असफल भयो । त्यसपछि उहाँ आफ्नै गाउँ फर्किनुभयो र शुरु गर्नुभयो बाख्रापालन व्यवसाय ।"म अमेरिका छिर्न लागेका बेला बोर्डरमा त्यहाँको प्रहरीले पक्राउ गर्‍यो, अनि त्यहीँबाट फर्काइ दियो," उहाँले भन्नुभयो, "राम्रै भयो अहिले आफ्नै ठाउँमा पौरख गर्न पाएँ ।"

गैरकानूनी रूपमा मेक्सिको हुँदै अमेरिका छिर्न लाग्दा उहाँ पक्राउ पर्नुभएको हो । त्यहीँबाट नै उहाँलाई नेपाल फर्काइयो । अमेरिकाको सुन्दर सपना देख्दा ८० लाख रुपैयाँ सकियो । तर रित्तो हात फर्कन पर्‍यो । त्यसपछिभने कर्णबहादुरले आफ्नै गाउँमा पशुपालन गर्न थाल्नुभयो ।शुरुमा कुखुरा पालनबाट व्यवसाय थाल्नुभयो । तर यो व्यवसायबाट सोचेजस्तो भएन । कमाइको साटो उल्टो घाटा भयो । तर उहाँ हार्नु भएन । पहिलेदेखि नै आफूले गर्दै आएको बाख्रापालन गर्न थाल्नुभयो ।

खड्काले रु सात लाख बैंकमार्फत ऋण लिनुका साथै अन्य पैसा सरसापट गरी रु १५ लाखको लगानीमो बाख्रापालन व्यवसाय थाल्नुभयो । दिप्सन कृषि तथा पशुपक्षी फर्म दर्ता गरी शुरु गरेको व्यवसायमा अहिले ४० लोकल र बोयर क्रस जातका बाख्रा छन् । खड्का जस्तै जिल्लाका ४० जना युवा पछिल्लो समय बाख्रापालन व्यवसाय शुरु गरेका स्थानीय तहका कृषि शाखाले जनाएका छन् । सबैभन्दा बढी मङ्गला गाउँपालिकाका युवा बाख्रा पालनतर्फ लागेको पाइएको छ ।

# कृषि कर्ममा रमाउँदै म्याग्देली

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ चैत**

म्याग्दीको रघुगङ्गा गाउँपालिका- ६ ठाडाखानीकी हिमाली छन्त्यालले यो वर्ष आलु बिक्री गरेर मात्रै करीब रु दुई लाखको हाराहारीमा कमाउनुभयो ।

आलुको बीउ महँगो भएकाले थोरै किनेर हिउँदे आलु रोप्नुभएकी छन्त्याले थोरै रोपे पनि आलुको राम्रो भाउ आएकाले उहाँलाई कुनै दुखेसो छैन । सधैँजस्तो आलु बेच्न बजार लानु पनि परेन । ग्राहकले घरमै आएर लगे । थोरै आलु रोपेर राम्रो मूल्यमा बेचेकाले छन्त्याल आलु खेतीबाट सन्तुष्ट हुनुहुन्छ । म्याग्दीको उपल्लो भेगमा अहिले धमाधम हिउँदे आलु खनेर बेच्ने समय हो । यो वर्ष आलुको बीउ आकिसिएकाले बीउ अभावमा थोरै रोपे तापनि हिउँदे आलुको राम्रो भाउ पाएकोमा आलु किसान खुशी छन् । राम्चेकी लीलमाया पुनलाई पनि थोरै आलु रोपेकोमा कुनै पछुतो छैन । महँगो बीउ भएकाले थोरै आलु रोपे तापनि आम्दानी उठेर पनि आफूलाई पुग्दो भएकाले उहाँ खुशी हुनुहुन्छ । हिमाली र लीलमाया जस्तै म्याग्दीका धेरै किसान अहिले कृषि कर्मबाट नै मनग्गे आम्दानी हुन थालेपछि खेतीपातीको काममा नै हौसिएका छन् । दुई वर्षसम्म आयातित तरकारीको भरपर्नु पर्ने म्याग्दी जिल्ला अहिले तरकारीमा आत्मनिर्भर बन्दै गएको छ । विशेषगरी कोरोना भाइरसको कारण भारती तरकारी नेपाल छिर्न नपाएपछि गाउँगाउँमा तरकारी व्यापारी छिर्न थालेकाले यो वर्ष आलुलगायतका तरकारीको मूल्यले राम्रो भाउ पाएको किसानले बताएका छन् ।

कात्तिक अन्तिममा रोपेको हिउँदे आलु अहिले खन्ने सिजन हो । म्याग्दीमा हिउँदे आलु बिक्री गरेर यो वर्ष रु पाँच करोड भन्दा बढी आम्दानी हुने कृषकको भनाइरहेको छ ।

# चित्रमा आफ्नो भविष्य खोज्दै मल्ल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २५ चैत**

जिल्लाको शुक्लागण्डकी नगरपालिका-५ निवासी १८ वर्षीया सोनिका मल्ल सानै उमेरमा चित्र कोरेर त्यसैमा आफ्नो भविष्य देख्नुभएको छ ।

सानै उमेरबाट चित्रकला क्षेत्रमा रुचि राख्दै आउनु भएकी मल्लले विगत दुई वर्षयता विभिन्न क्षेत्र र विषयका चित्र कोर्दै आउनुभएको छ । ''चित्र कोरेर नै आफ्नो जीवन निर्वाह गर्ने योजना बनाएकी छु'', उहाँले भन्नुभयो, ''चित्र कोरेर जीविकोपार्जन गर्ने कलाकारहरु कमी देखिए पनि आफू व्यावसायिक रुपमा अघि बढ्ने अठोट गरेकी छु ।'' पछिल्लो समय चित्र कोरेर भविष्य देख्ने चित्रकारहरु खासै नभेटिए पनि आफ्नो भविष्यको सपना यसैलाई बनाएको उहाँले बताउनुभयो ।

'हुने बिरुवाको चिल्लो पात' भने झैँ मल्लले सानै उमेरदेखि चित्रकला क्षेत्रमा रुचि राख्दै आएको बताउनुभयो । शुरुमा चित्र बनाउँदा कसरी चित्र बनाउने भनेर चिन्ता लाग्ने गरे पनि अहिले धेरै सहज भएको उहाँ बताउनुहुन्छ । चित्रकला जीवनयापनको महत्वपूर्ण क्षेत्र रहेकाले सामाजिक सञ्जालमा रहेका भिडियो हेरेर आफूले चित्र कोर्न सिकेको चित्रकार मल्लले बताउनुभयो ।


## Provincial Government
## Ministry of Physical Infrastructure Development
## Urban Development and Building Office, Kaski
## Gandaki Province, Pokhara, Nepal

# Invitation for Online Bids

**(First Date of Publication: 2077/12/26)**

Urban Development and Building Office(UDABO), Kaski invites e-bid from registered, eligible and interested bidders for the execution of following works under NCB procedures.For more detail, eligible and interested bidders may visit and download the bid documents from e-GP system www.bolpatra.gov.np/egp

| S. N0. | Name of Project, Contract ID No. and Address | Estimated Amount including VAT (NRs) | Bid Security amount (NRs) | Period of validity for Bid Security | Cost of Bid document | Last date of Bid submission |
|---|---|---|---|---|---|---|
| 1. | Renovation of Pokhara Sabhahall and it's landscaping Works, Location: Pokhara, Kaski Contract ID No: UDABO/Kaski/ NCB/Works/ 21/077-78 | 2,379,670.49 | 65,000.00 | 120 days from the last date of bid submission | 3,000.00 | 2078/01/26 |

**Office Chief**

## मकालु डिस्टिलरी प्रा. लि.
## आँबु खैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७७/०७८ का लागि मिति २०७७/१२/२६ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्तःशुल्क, मू.अ.कर र अन्य शुल्क समेत समावेश गरिएको छ । उक्त मूल्यमा वितरकले बाटोको दूरी हेरी भाडा थप गरी बिक्री गर्न सक्ने छन् ।

| ब्राण्ड | मि.. लि. | यु. पी. | National डिष्ट्रिब्युटर्स मूल्य | National डिष्ट्रिब्युटर्स कमिशन | डिष्ट्रिब्युटर्स मूल्य | डिष्ट्रिब्युटर्स कमिशन | होलसेल मूल्य | होलसेल कमिशन | रिटेल मूल्य | रिटेल कमिशन | उपभोक्ता मूल्य | उपभोक्ता मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति बोटल |
| पधेरी, कलधारा, कुन्छु Orange/Apple/Litchi | ३०० | ७० | ८००।०० | १५।०० | ८१५।०० | ४०।०० | ८५५।०० | ३५।०० | ८९०।०० | १३०।०० | १०२०।०० | ३४।०० |
| प्यासी सोफी, फ़ुल बुट्टे चोली | ३०० | ७० | ७७५।०० | १०।०० | ७८५।०० | ३५।०० | ८२०।०० | ३०।०० | ८५०।०० | ८०।०० | ९३०।०० | ३१।०० |